# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०८।०१ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-------------------------------------------------

मालपोत कार्यालय, हरिवन, सर्लाहीमा कार्यरत नायब सुब्बा ईश्वरीप्रसाद दहालले जग्गा रजिष्ट्रेशन पास गरी जग्गाधनी दर्ता प्रमाण पूर्जा दिने क्रममा सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवासबाट खटिइ गएको टोलीले निजलाई रु. ५,०००/-(पाँच हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजले भ्रष्टचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा निजलाई बिगो रु. ५,०००/-(पाचँ हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवं सूचना अधिकारी